**महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको  अन्तरसम्बन्ध विषयमा राष्ट्रिय कार्यशाला**

नेपालको संविधानमा महान्याायधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको हुने व्यवस्था भए बमोजिम सात वटै प्रदेशमा मुख्य न्याायधिवक्ता नियुक्त भैसकेको सन्दर्भमा मुख्य न्यायाधिवक्ताको काम कारवाही एवम् महान्यायाधिवक्तासँगको अन्तरसम्बन्धका विषयमा २०७५ साल ज्येष्ठ ११ गते शुक्रवार काठमाडौंमा राष्ट्रिय कार्यशालाको आयोजना गरिएको छ ।

माननीय महान्यायाधिवक्ता अग्नी प्रसाद खरेलको अध्यक्षतामा सम्पन्न कार्यशालामा सात वटै प्रदेशमा मुख्य न्यायाधिवक्ताहरूको सक्रिय सहभागिता रहेको थियो । कार्यशालालाई सम्बोधन गर्दै माननीय महान्यायाधिवक्ता खरेलले संविधानमा प्रदेशस्तरमा प्रदेश सरकारलाई कानूनी सल्लाह प्रदान गर्ने लागयतका कार्यका लागि आवश्यकता महसुस भएकाले नै मुख्य न्यायाधिवक्ताको पद सिर्जना भएको बताउदै सबैले संविधान र कानून बमोजिम मात्र आफ्नो काम गर्नुपर्ने बताउनुभयो । उहाँले मुख्य न्यायाधिवक्ताहरूलाई आ-आफ्नो क्षेत्रमा कामहरू अगाडि बढाउन अनुरोध गर्दै आफ्नो तर्फबाट पूर्ण सहयोग रहने विश्वास दिलाउनुभयो । माननीय महान्यायाधिवक्ताले संविधानमा 'मातहतमा रहने गरी' भन्ने व्यवस्था भए पनि आफूले संयोजन र सहजीकरण गर्ने जिम्मेवारीका रुपमा बुझेको बताउनुभयो ।

कार्यक्रममा महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको अन्तरसम्बन्धका विषयमा वरिष्ठ अधिवक्ता प्राध्यापक पूर्णमान शाक्यले र मुख्य न्यायापधिवक्ताको संवैधाजिनक एवम् कानूनी जिम्मेवारीका विषयमा नायव महान्यायाधिवक्ता किरण पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रउपर पूर्व महान्यायाधिवक्ता एवम् वरिष्ठ अधिवक्ता बद्री बहादुर कार्की र नेपाल कानून आयोगका अध्यक्ष माधव पौडेलले टिप्पणी  गर्नुभएको थियो ।

कार्यशालामा सात वटै प्रदेशका मसख्य न्यायाधिवक्ताहरूले कार्यक्रम सान्दर्भिक र उपयुक्त भएको उल्लेख गर्दै महान्यायाधिवक्ताको अन्तरसम्बन्धका विषयमा आफ्ना धारणाहरू राख्नुभएको थियो । कार्यशालामा नेपाल सरकारका सचिव, नायव महान्यायाधिवक्ता र सहन्यायाधिवक्ताहरूको सहभागिता रहेको थियो ।